# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड७ )जनकपुरधाम,नेपाल,असोज१६गते,२०८०साल(पुर्वअतिरिक्ताङ्क५

भाग ३

मधेश प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

सूचना

## आर्थिक सहायता व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०

आर्थिक सहायता व्यवस्थापन कार्यविधि,२०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को

दफा २ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका कार्यविधि बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः-</u> (१) यो कार्यविधिको नाम आर्थिक सहायता व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>मूल कार्यविधिको दफा ४ को उपदफा (१) को खण्ड (ख) पछि देहायबमोजिमको (ग) थप गर्नेः</u>

(ग) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कुनै व्यक्तिको विपद्, युद्ध वा आतंकवादी हमलामा मृत्यु भएमा वा कडा रोग लागि उपचारको क्रममा मृत्यु भएमा सोको पुष्ट्याँई गर्ने आवश्यक कागजात संलग्न गरी आर्थिक सहायताको लागि गृह,सञ्चार तथा कानून मन्त्रालय मार्फत निवेदन दिई प्रस्ताव पेश हुन आएमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को निर्णयबाट पाँच लाख रुपैयाँसम्म गृह, सञ्चार तथा कानून मन्त्रालयबाट निजको नजिकको हकवालालाई आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

३. <u>मूल कार्यविधिको दफा ४ को उपदफा (१) को खण्ड (ख) मा संशोधनः</u> आर्थिक सहायता व्यवस्थापन कार्यविधि,२०८० को दफा ४ को उपदफा (१) को खण्ड (ख) मा रहेको "पचास हजार रुपैयाँसम्म" को सट्टा "एक लाख रुपैयाँसम्म" राखिएको छ ।

स्वीकृत मितिः- २०८०।०६।१६

आज्ञाले,
रामकृष्ण पुडासैनी
प्रदेश सचिव



गृह,सञ्चार तथा कानून मन्त्रालय,मधेश प्रदेश बाट प्रकाशित